# विन नेपाल लघुवित्त वित्तीय संस्था लि.
# Wean Nepal Laghubitta Bittiya Sanstha Ltd.

नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्र प्राप्त वित्तीय संस्था (बागमती प्रदेश स्तरीय कार्यक्षेत्र भएको)


पत्र संख्या: ६१०/०६८/६९

मिति: २०७९/०३/०६

कम्पनी दर्ता नं. ११७४४६/०७०/०७१

**श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड**
सिंहदरवारप्लाजा, काठमाडौं ।

**विषय : सातौं वार्षिक साधारण सभा (आ.व. २०७७/७८) को विवरण तथा निर्णय पठाइएको ।**

महोदय,

प्रस्तुत विषयमा यस वित्तीय संस्थाको मिति २०७९/०२/३१ गते सम्पन्न भएको सातौं वार्षिक साधारण सभाको विस्तृत विवरण तथा निर्णय उतारको प्रतिलिपि यसै पत्रसाथ संलग्न गरी तहाँको अभिलेख तथा जानकारीको लागि पठाईएको व्यहोरा अनुरोध छ ।

**संलग्न :** सातौं वार्षिक साधारण सभाको विवरण तथा निर्णय उतारको प्रतिलिपि पाना थान ६(छ) ।

भवदीय

**(बसन्त बहादुर शाक्य)**
कम्पनी सचिव

**बोधार्थ :**

१. श्री धितोपत्र बोर्ड, खुमलटार, ललितपुर
२. श्री नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्था नियमन विभाग
३. श्री नेपाल राष्ट्र बैंक, लघुवित्त संस्था सुपरिवेक्षण विभाग

# विन नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेड

मेलम्ची-१३, सिन्धुपाल्चोक

## सातौं वार्षिक साधारण सभाको निर्णय तथा कार्यवाही विवरण

१. **सातौं वार्षिक साधारण सभा :**

विन नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेडको सञ्चालक समितिको मिति २०७९ साल जेष्ठ महिना ९ गते बसेको ११/०७८/७९ औं बैठकको निर्णयानुसार कम्पनी ऐन, २०६३ को दफा ६७(२) अनुसार सातौं वार्षिक साधारण सभा संस्थाका सञ्चालक समितिका अध्यक्ष सह-प्राध्यापक डा. श्री मदन गोपाल श्रेष्ठज्यूको अध्यक्षतामा देहाय बमोजिम सम्पन्न भयो ।

२. **सभाको मिति, समय र स्थान :**

२.१ मिति : २०७९ साल जेष्ठ महिना ३१ गते मङ्गलबार (तदनुसार जून १४, २०२२)

२.२ समय : बिहान ११ बजे

२.३ स्थान : श्री इन्द्रावती सामुदायिक सेवा केन्द्र, फटकशिला, सिन्धुपाल्चोक

३. **सभाको सूचना प्रकाशन :**

३.१ साधारणसभा हुने मिति, समय, स्थान र सभामा छलफल हुने विषयसूचीहरु सहितका विवरणहरु खुलाई मिति २०७९/०२/१० गतेको राजधानी राष्ट्रिय दैनिक र मिति २०७९/०२/२६ गतेको राजधानी राष्ट्रिय दैनिकमा दुई पटक सूचना प्रकाशन गरी शेयरधनी महानुभावहरुलाई जानकारी गराईएको थियो ।

३.२ सञ्चालक समितिको प्रतिवेदन, वासलात, नाफा नोक्सान हिसाब र नगद प्रवाह विवरण तथा सोसँग सम्बन्धित अनुसूचीहरु साथै अन्य प्रस्तावका विषयवस्तुहरु सहितको वार्षिक प्रतिवेदनको पुस्तिका शेयरधनी महानुभावहरुले कम्पनीको केन्द्रीय कार्यालयबाट प्राप्त गर्न सक्नु हुनेछ भन्ने सूचना प्रकाशित गरिएको व्यहोरा सभा सञ्चालकले सभामा जानकारी गराउनु भयो ।

४. **आसन ग्रहण :**

सभामा उपस्थित रहनु भएका सञ्चालकहरु क्रमशः सह-प्राध्यापक डा. श्री मदन गोपाल श्रेष्ठ, श्री कुमार राज जोशी, श्री सुकुमान डंगोल, श्री एन्जिला न्यौपाने, श्री पवन राज मास्के, श्री रमादेवी श्रेष्ठ र श्री रेणु स्थापित, प्रमुख अतिथी श्री राजेन्द्र मल्ल, समाजसेवी श्री सिताराम श्रेष्ठ र शेयर रजिष्ट्रार श्री एनएमबि क्यापिटल लिमिटेडका प्रतिनिधि श्री कमल नेपालले आसन ग्रहण गर्नुभयो ।

५. **सभाको सभापतित्व :**

वार्षिक साधारण सभाको सभापतित्व कम्पनीका अध्यक्ष सह प्राध्यापक डा. श्री मदन गोपाल श्रेष्ठज्यूले गर्नुभई सभाको कार्यवाही अगाडी बढाउन सभा सञ्चालकलाई अनुमति प्रदान गर्नुभयो ।

६. **सभाको वैधाननिकता र गणपुरक संख्या :**

कम्पनी ऐन, २०६३ को दफा ७३(२) तथा यस कम्पनीको नियमावलीको नियम बमोजिम साधारण सभा सञ्चालनका लागि कुल शेयर संख्याको ५५ प्रतिशत शेयरको प्रतिनिधित्व हुने गरी १०४ जना शेयरधनीहरुको उपस्थिति रहेको हुनाले सभामा गणपुरक संख्या पूरा भएको र सभाले वैधानिकता प्राप्त गरेको व्यहोरा सभामा जानकारी भयो ।

७. **उपस्थिति :**

७.१ ***सञ्चालकहरु (कम्पनी ऐन, २०६३ को दफा ६८ अनुसार) :***

| | | |
|---|---|---|
| क. | सह प्राध्यापक डा. श्री मदन गोपाल श्रेष्ठ | अध्यक्ष |
| ख | श्री कुमार राज जोशी | सञ्चालक |
| ग | श्री सुकुमान डंगोल | सञ्चालक |
| घ | श्री एन्जिला न्यौपाने | सञ्चालक |
| ङ | श्री पवन राज मास्के | स्वतन्त्र सञ्चालक |
| च | श्री रमादेवी श्रेष्ठ | सञ्चालक |
| छ | श्री रेणु स्थापित | सञ्चालक |

७.२ ***व्यवस्थापन समूह :***

| | | |
|---|---|---|
| क | श्री बसन्त बहादुर शाक्य | प्रमुख कार्यकारी अधिकृत |
| ख | श्री अमृत कुमार बिष्ट | नायव प्रमुख कार्यकारी अधिकृत |
| ग | श्री राज कुमार घिमिरे | अधिकृत |
| घ | श्री चक्र बहादुर लामा | अधिकृत |
| ङ | श्री सुमन श्रेष्ठ | कनिष्ठ अधिकृत |
| च | श्री गणेश वलामी | कनिष्ठ अधिकृत |
| छ | श्री सुभाष श्रेष्ठ | का.मु. कनिष्ठ अधिकृत |
| ज | श्री प्रेगिना श्रेष्ठ | लेखा शाखा |
| झ | श्री रजना मढिकर्मी | कर्जा शाखा |

७.३ ***शेयरधनी:***

| विवरण | उपस्थित संख्या | शेयर संख्या | उपस्थिति प्रतिशत |
|---|---|---|---|
| स्वयं उपस्थित | ३२ | १०६,२४४ | १४.६७ |
| प्रतिनिधि मार्फत उपस्थित | ८४ | २९८,१३८ | ४१.१५ |
| **जम्मा उपस्थिति** | **११६** | **४०४,३८२** | **५५.८२** |

८. **छलफलका विषय सूचीहरु :**

**क) सामान्य प्रस्तावहरु :**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नुहुने आर्थिक वर्ष २०७७/७८ को सातौ वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहित साविकको नेपाल सेवा लघुवित्त वित्तीय संस्था लि. र विन लघुवित्त वित्तीय संस्था लि. को आर्थिक वर्ष २०७७/०७८ को वासलात, नाफा नोक्सान हिसाव तथा नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरु उपर छलफल गरी पारित गर्ने ।

३. कम्पनी ऐन, २०६३ को दफा ११ अनुसार आर्थिक वर्ष २०७८/०७९ को लागि लेखापरीक्षकको नियुक्ति गर्ने र निजको पारश्रमिक निर्धारण गर्ने । (लेखापरीक्षक श्री नरहरि अर्याल एण्ड एसोसियट्स, टेकु, काठमाडौंलाई वार्षिक एकमुष्ट रकम रु. १५०,०००।- (एक लाख पचास हजार) कर रकम बाहेक प्रदान गर्ने ।

४. आर्थिक वर्ष २०७७/७८ को मुनाफाबाट प्रस्तावित बोनस शेयरमा लाग्ने कर प्रयोजनार्थ चुक्ता पूँजीको ०.५ प्रतिशतले हुने रकम रु. ३३८,२५०।- (तीन लाख अठतीस हजार दुई सय पचास) मात्र नगद लाभांश पारित गर्ने ।

५. सञ्चालक समितिमा संस्थापकको तर्फबाट प्रतिनिधित्व गर्ने सञ्चालक संख्या ४ र सर्वसाधारण शेयरधनीको तर्फबाट प्रतिनिधित्व गर्ने सञ्चालक संख्या २ निर्वाचन गर्ने । निर्वाचन कार्यतालिका सम्बन्धी सूचना संस्थाको सूचनापाटीमा छुट्टै प्रकाशन गरिनेछ ।

६. विविध ।

**ख) विशेष प्रस्तावहरु :**

१. वित्तीय संस्थाको रजिष्टर्ड (केन्द्रीय) कार्यालय सिन्धुपाल्चोक जिल्ला मेलम्ची नगरपालिका वडा नं. १३ कायम रहेकोमा संस्थाको रजिष्टर्ड तथा केन्द्रीय कार्यालय काभ्रेपलाञ्चोक जिल्ला बनेपा नगरपालिका वडा नं. १३ कायम गर्ने र सोही बमोजिम प्रबन्धपत्र तथा नियमावलीमा संशोधन गर्ने प्रस्ताव पारित गर्ने ।

२. आर्थिक वर्ष २०७७/७८ को मुनाफाबाट संस्थाको चुक्ता पूँजीको ९.३३ प्रतिशतका दरले हुन आउने रकम रु. ६७,६५,०००।- (अक्षरेपी सठसाठी लाख पैंसाठी हजार) मात्र शेयरधनीहरुलाई बोनस शेयर वितरण गर्ने प्रस्तावलाई पारित गर्ने ।

३. संस्थाको चुक्ता पूँजीमा ९.३३ प्रतिशतका दरले बोनस शेयर वितरण गरे पश्चात् कायम हुन आउने चुक्ता पूँजीमा संस्थाको संस्थापक तथा सर्वसाधारण शेयरधनीहरुको अनुपात ७०:३० गरी मिलाउन बोनस शेयर वितरण पश्चात् कायम हुने शेयरको अनुपातमा सर्वसाधारणको लागि एफपिओ जारी गर्ने र सोही बमोजिम प्रबन्धपत्र तथा नियमावलीमा संशोधन गर्ने प्रस्ताव पारित गर्ने ।

४. भविष्यमा गाभ्ने/गाभिने वा प्राप्ती गर्ने प्रयोजनार्थ अन्य उपयुक्त लघुवित्त वित्तीय संस्थाहरुसँग गाभ्ने गाभिने वा प्राप्ती सम्बन्धी सम्झौतापत्र तर्जुमा गर्ने, DDA गर्ने र गाभ्ने/गाभिने वा प्राप्ती सम्बन्धी आवश्यक अन्य सम्पूर्ण प्रक्रिया पूरा गर्न/गराउन सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

५. संस्थाको प्रबन्धपत्र, नियमावलीमा संशोधन गर्ने कार्य तथा गाभिने (मर्जर) तथा विलय (एक्विजिसन) समेतका कार्य सम्बन्धमा नियमनकारी निकायहरु नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपात्र बोर्ड वा अन्य कुनै कार्यालयहरुबाट लगायतको स्वीकृती लिने, अभिलेख गर्ने क्रममा कुनै पनि विषयमा संशोधन/परिमार्जन/थपघट वा परिवर्तन गर्न कुनै निर्देशन/सुझाव प्राप्त भएमा सो समेत मिलाई संशोधन वा परिवर्तन गर्नुपरेमा सो कार्यहरु लगायत अन्य सम्पूर्ण कार्य गर्न गराउन सञ्चालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने ।

**ग) विविध प्रस्ताव :**

९. **वार्षिक प्रतिवेदनको प्रस्तुति :**

सञ्चालक समितिका अध्यक्ष तथा सभाका सभापति सह प्राध्यापक डा. श्री मदन गोपाल श्रेष्ठज्यूले सञ्चालक समितिको आर्थिक वर्ष २०७७/०७८ को वार्षिक प्रतिवेदन वाचन गरी प्रस्तुत गर्नुभयो ।

१०. **प्रतिवेदन उपर छलफल :**

अध्यक्षले प्रस्तुत गर्नु भएको सञ्चालक समितिको प्रतिवेदन उपर छलफलको क्रममा सभामा उपस्थित शेयरधनीहरुमध्ये शेयरधनी श्री उदयश्वर श्रेष्ठज्यू प्रस्तावित बोनस शेयरको विषयमा जिज्ञासा राख्नु भएको थियो भने शेयरधनी श्री सिंहबहादुर श्रेष्ठज्यूले संस्थापक शेयर नामसारीको र डिम्याटको विषयमा

जिज्ञासा राख्नु भएकोमा संस्थाका प्रमुख कार्यकारी अधिकृतले सो सम्बन्धी नीतिगत व्यवस्था जानकारी गराउनु हुँदै शेयरधनी महानुभावहरुको सहयोग सद्भावको लागि हार्दिक धन्यवाद समेत दिनु भएको थियो ।

## ११. **सभाबाट भएका निर्णयहरु :**

*सामान्य प्रस्ताव नं. १*

सञ्चालक समितिका अध्यक्ष सह प्राध्यापक डा. श्री मदन गोपाल श्रेष्ठले सभामा पेश गर्नु भएको सञ्चालक समितिको आर्थिक वर्ष २०७७/७८ को वार्षिक प्रतिवेदन सभाबाट सर्वसम्मत पारित गर्ने निर्णय गरियो ।

*सामान्य प्रस्ताव नं. २*

लेखापरीक्षकको प्रतिवेदन सहित साविकको नेपाल सेवा लघुवित्त वित्तीय संस्था लि. र विन लघुवित्त वित्तीय संस्था लि. को आर्थिक वर्ष २०७७/७८ को वासलात, नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरु उपर छलफल गरी सर्वसम्मत रुपमा पारित गर्ने निर्णय भयो ।

*सामान्य प्रस्ताव नं. ३*

लेखापरीक्षण समितिको सिफारिश बमोजिम आर्थिक वर्ष २०७८/०७९ को लागि लेखापरिक्षकको रुपमा श्री नरहरि अर्याल एण्ड एशोसियट्स, टेकू, काठमाडौंलाई नियुक्ति गर्ने तथा निजको पारिश्रमिक रु. १५०,०००।- (एक लाख पचास हजार) कर रकम बाहेक निर्धारण गर्ने निर्णय भयो । साथै, निजलाई लङ्गफर्म लेखा परीक्षण, कर लेखा परीक्षण तथा दफा ७८ बमोजिमको प्रतिवेदनको कार्य गराउने पनि निर्णय भयो ।

साथै, साविक विन लघुवित्त वित्तीय संस्था लि. को आर्थिक वर्ष २०७८/७९ को २०७८ श्रावण देखि २०७८ कार्तिक १५ गतेसम्मको लेखापरीक्षणको सम्बन्धमा आगामी साधारण सभामा अनुमोदनको लागि प्रस्ताव पेश गर्ने निर्णय भयो ।

*सामान्य प्रस्ताव नं. ४*

आर्थिक वर्ष २०७७/७८ को मुनाफाबाट संस्थाका शेयरधनीहरुलाई प्रस्तावित बोनस शेयरमा लाग्ने कर प्रयोजनार्थ चुक्ता पूँजीको ०.५ प्रतिशतले हुने रकम रु. ३३८,२५०।- (तीन लाख अठतीस हजार दुइ सय पचास) मात्र नगद लाभांश प्रदान गर्ने प्रस्ताव सर्वसम्मत रुपमा पारित गर्ने निर्णय गरियो ।

*सामान्य प्रस्ताव नं. ५*

यस संस्थाको सञ्चालक समितिमा संस्थापक शेयरधनीहरुको तर्फबाट सञ्चालक पद ४ र सर्वसाधारण शेयरधनीहरुको तर्फबाट सञ्चालक पद २ निर्वाचन सम्बन्धमा निर्वाचन समितिका प्रमुख निर्वाचन अधिकृत श्री वीरेन्द्र भक्त प्रधानाङ्गले प्रतिवेदन प्रस्तुत गर्नु भएको थियो । यस सम्बन्धमा सञ्चालक पदहरुको निर्वाचनको लागि सूचना प्रकाशन हुँदा संस्थापक शेयरधनीहरुको तर्फबाट सर्वश्री सह प्राध्यापक डा. मदन गोपाल श्रेष्ठ, कुमार राज जोशी, सुकुमान डंगोल र रमा देवी श्रेष्ठ तथा सर्वसाधारण शेयरधनीहरुको तर्फबाट सर्वश्री एन्जिला न्यौपाने र राजु के.सी. को मात्र उम्मेदवारी दर्ता भई आएको हुँदा प्रमुख निर्वाचन अधिकृतले निजहरुलाई सर्वसम्मत रुपमा यस संस्थाको सञ्चालक पदमा निर्विरोध निर्वाचन भएको घोषणा गर्नु भएको थियो । प्रमुख निर्वाचन अधिकृतको घोषणालाई सभाले ताली बजाएर स्वीकृत तथा अनुमोदन गऱ्यो ।

*विशेष प्रस्ताव नं. १*

संस्थाको केन्द्रीय कार्यालय सिन्धुपाल्चोक जिल्ला मेलम्ची न.पा. वडा नं. १३ कायम भएकोमा संस्थाको केन्द्रीय तथा रजिष्टर्ड कार्यालय काभ्रेपलाञ्चोक जिल्ला बनेपा नगरपालिका वडा नं. १३ कायम गर्ने सम्बन्धी विशेष प्रस्ताव सभामा पेश भएकोमा सभाबाट सर्वसम्मत रुपमा प्रस्तावलाई पारित गर्ने निर्णय भयो ।

*विशेष प्रस्ताव नं. २*

आर्थिक वर्ष २०७७/७८ को मुनाफाबाट संस्थाको शेयरधनीहरुलाई संस्थाको चुक्ता पूँजी रु. ७२४,४६,२५०।- को ९.३३ प्रतिशतका दरले रु.६७,६५,०००।- (अक्षरेपी सठसाठी लाख पैंसाठी हजार) मात्र बोनस शेयर वितरण गर्ने प्रस्ताव सर्वसम्मतबाट पारित गर्ने निर्णय भयो ।

*विशेष प्रस्ताव नं. ३*

संस्थाको चुक्ता पूँजी रु. ७२४,४६,२५०।- मा ९.३३ प्रतिशका दरले बोनस शेयर वितरण गरे पश्चात् कायम हुन आउने चुक्ता पूँजीमा संस्थापक तथा सर्वसाधारण शेयरधनीहरुको अनुपात ७०:३० कायम गर्न बोनस शेयर वितरण पश्चात् कायम हुने शेयरको अनुपातमा सर्वसाधारण समुहतर्फ नपुग हुने शेयर पूँजी बराबरको रकम थप सार्वजनिक निष्काशन (FPO) मार्फत् निष्काशन गर्ने र सोही बमोजिम प्रबन्धपत्र तथा नियमावलीमा संशोधन गर्ने प्रस्ताव सर्वसम्मतबाट पारित गर्ने निर्णय गरियो । साथै, थप सार्वजनिक निष्काशन गर्ने सम्बन्धमा आवश्यक सम्पूर्ण कार्य गर्न गराउन नयाँ गठन हुने सञ्चालक समितिलाई अख्तियारी दिने पनि सभाबाट निर्णय भयो ।

*विशेष प्रस्ताव नं. ४*

भविष्यमा गाभ्ने/गाभिने वा प्राप्ती गर्ने प्रयोजनार्थ अन्य उपयुक्त लघुवित्त वित्तीय संस्थाहरुसँग गाभ्ने/गाभिने वा प्राप्ती सम्बन्धी सम्झौतापत्र तर्जुमा गर्ने, DDA गर्ने र गाभ्ने/गाभिने वा प्राप्ती सम्बन्धी आवश्यक अन्य सम्पूर्ण प्रक्रिया पूरा गर्न/गराउन सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने प्रस्ताव सर्वसम्मतबाट पारित गर्ने निर्णय गरियो ।

*विशेष प्रस्ताव नं. ५*

संस्थाको प्रबन्धपत्र, नियमावलीमा संशोधन गर्ने कार्य तथा गाभिने (मर्जर) तथा विलय (एक्विजिशन) समेतका कार्य सम्बन्धमा नियमनकारी निकायहरु नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड वा अन्य कुनै कार्यालयहरुबाट स्वीकृति लिने, अभिलेख गर्ने क्रममा कुनै पनि विषयमा संशोधन/परिमार्जन/थपघट वा परिवर्तन गर्न कुनै निर्देशन/सुझाव प्राप्त भएमा सो समेत मिलाई संशोधन वा परिवर्तन गर्नु परेमा सो कार्यहरु लगायत अन्य सम्पूर्ण कार्य गर्न गराउन सञ्चालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने प्रस्ताव सर्वसम्मतबाट पारित गर्ने निर्णय गरियो ।

**प्रवन्धपत्रमा संशोधन तथा थप :**

**दफा २ : वित्तीय संस्थाको रजिर्ष्टर्ड (केन्द्रीय) कार्यालय रहने ठेगाना :** (१) यस वित्तीय संस्थाको रजिर्ष्टर्ड (केन्द्रीय) कार्यालय काभ्रेपलाञ्चोक जिल्ला बनेपा नगरपालिका वडा नं. १३ मा रहनेछ ।

६(ख) वित्तीय संस्थाको जारी पूँजी रु. ८४५,२४,६२५/- (आठ करोड पैतालिस लाख चौबिस हजार छ सय पच्चिस मात्र) हुनेछ । सो पूँजीलाई प्रति शेयर रु. १००/- दरका ८,४५,२४६.२५ (आठ लाख पैतालिस हजार दुइ सय छयालिस दशमलव दुई पाँच) थान साधारण शेयरमा विभाजन गरिएको छ ।

६(ग) वित्तीय संस्थाको चुक्ता पूँजी रु. ८४५,२४,६२५/- (अक्षरेपी आठ करोड पैतालिस लाख चौबिस हजार छ सय पच्चिस) हुनेछ ।

६(च) वित्तीय संस्थाले नेपाल राष्ट्र बैंकले तोकेको न्यूनतम पूँजी संरचना कायम गर्न प्रचलित कानून बमोजिम नियामकीय निकायको स्वीकृति लिई थप सार्वजनिक निष्काशनको माध्यमबाट नयाँ शेयर जारी गर्न सक्नेछ ।

**नियमावलीमा संशोधन :**

**नियम २ : वित्तीय संस्थाको रजिर्ष्टर्ड (केन्द्रीय) कार्यालय ठेगाना** : (१) यस वित्तीय संस्थाको रजिर्ष्टर्ड (केन्द्रीय) कार्यालय सिन्धुपाल्चोक जिल्ला मेलम्ची नगरपालिका वडा नं. १३ मा रहने छ ।

१२. विविध विषयहरु उपर कुनै प्रस्तावहरु नआएको हुनाले कुनै निर्णय भएन ।

१३. **धन्यवाद ज्ञापन**

संस्थाको सातौं वार्षिक साधारण सभामा प्रस्तुत भएका मन्तव्य, जिज्ञासा, टिप्पणी तथा सुझावहरु कम्पनीको हितको लागि अति नै महत्वपूर्ण रहेको उल्लेख गर्दै कम्पनीको काम कार्यवाहिमा अभिरुची राखी सञ्चालक समिति तथा व्यवस्थापनलाई मार्ग निर्देशन एवं प्रेरणा प्रदान गर्नुहुने सम्पूर्ण शेयरधनी महानुभावहरुमा हार्दिक आभार व्यक्त गर्दै सफलतापूर्वक सभा सञ्चालनमा सहयोग पुऱ्याउनु हुने संस्थाको व्यवस्थापन एवं सम्पूर्ण कर्मचारी प्रति सभाका सभापतिबाट धन्यवाद ज्ञापन गर्नुभयो ।

१४. **सभाको समापन :**

पूर्व निर्धारित विषयसूचीहरु उपरको छलफलको क्रम समाप्त भएकोले सभाका सञ्चालकले सभाका सञ्चालक श्री कुमार राज जोशीलाई सभाको समापन गरिदिनु हुन अनुरोध गर्नुभयो र सञ्चालक श्री जोशीले सभामा उपस्थित हुन भएका शेयरधनीहरु, सम्पूर्ण कर्मचारीहरु, शेयर रजिष्ट्रार श्री एनएमबि क्यापिटल लिमिटेड, वाह्य लेखापरीक्षक श्री एन.के. जोशीलाई धन्यवाद ज्ञापन गर्दै सातौं वार्षिक साधारण सभा समापन भएको घोषणा गर्नुभयो ।

| | |
|---|---|
| ................................ | ................................ |
| (बसन्त बहादुर शाक्य) | (डा. मदन गोपाल श्रेष्ठ) |
| कम्पनी सचिव | अध्यक्ष |

**मिति : २०७९ साल जेष्ठ ३१ गते मङ्गबार तदनुसार जून १४, २०२२**